# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७३/११/०९ गते

## प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको ।**

------------------------------------------------------------

अछाम जिल्ला अन्तर्गत कैलाश बहुमुखी क्याम्पस, कालागाउँ, अछाममा विश्वबिद्यालय अनुदान आयोग मार्फत क्याम्पसको भवन निर्माण लगायतमा विनियोजित अनुदान रकम हिनामिना गरेको भन्ने समेतको उजुरीको सम्बन्धमा अनुसन्धान हुंदा, कैलाश बहुमुखी क्याम्पस संचालक समितिका तत्कालिन अध्यक्ष पृथ्वी बहादुर भण्डारीले विश्व बिद्यालय अनुदान आयोग मार्फत क्याम्पसको भवन निर्माण, पुस्तक, फर्निचर र शैक्षिक सामग्री लगायतका समान खरिदका लागि विनियोजित रकम बदनियतपूर्वक हिनामिना गरी आफूलाई गैरकानुनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानुनी हानी पुऱ्याउने बदनियतले काम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा निज पृथ्वी बहादुर भण्डारीलाई रु. ३,४२,९००।- (तीन लाख बयालिस हजार नौ सय) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असुल उपर र सोही दफाले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) तथा दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम बमोजिम दण्ड सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता